**लोक सेवा आयोग**
**नेपाल वन सेवा, हात्तीसार समुह, श्रेणी विहिन पदहरु (फणित, पछुवा र माहुत) को प्रतियोगितात्मक परीक्षाको लागि पाठयक्रम**

१. **परीक्षा योजना** (Examination Scheme) निम्नानुसार चरणमा हुनेछ :

| चरण | परीक्षा | पूर्णाङ्क | उत्तीर्णाङ्क | परीक्षा प्रणाली | समय |
|---|---|---|---|---|---|
| प्रथम | प्रयोगात्मक परीक्षा | १०० | ५० | प्रयोगात्मक | ४० मिनेट |
| द्वितीय | अन्तर्वार्ता | २० | - | मौखिक | - |

२. **प्रयोगात्मक परीक्षाको योजना**

| विषय/ कार्य | परिमाण | अङ्क | समय |
|---|---|---|---|
| १. हात्ती बाँध्ने, खोल्ने र सामान्य रुपमा हाँक्न जान्ने । | | २० | ५ मिनेट |
| २. कुची बनाउने । | २० ओटा कुची | ३० | १५ मिनेट |
| ३. रुख चढने र पौडि खेल्ने | कुनै एक रुख चढने र पोखरी वा खोलामा पौडि खेल्ने । | २० | १० मिनेट |
| ४. घाँसको पहिचान/ घाँस चिन्ने । | ५, ५ ओटा डाले र भुँई घाँसहरु चिन्ने | २० | ५ मिनेट |
| ५. गद्दी र हौदा कस्ने । | | १० | ५ मिनेट |

३. **अन्तर्वार्ताको पाठ्यक्रम**

- हात्ती संचालनका स्पर्श तथा स्व, बोली, ईशाराहरु (Vocal Commands) कमाण्डहरुको ज्ञान ।
- हात्ती हच्कने, नहच्कने सम्वन्धी ज्ञान ।
- हात्तीको चरण क्षेत्र पहिचान, छनौट, हात्तीको आहारा प्रजाति पहिचान ।
- हात्तीको आहारा संकलन, कुची बनाउन र खुवाउने सम्वन्धी ज्ञान ।
- हात्तीको स्याहार सुसार, रेखदेख, संरक्षण सम्वन्धी ज्ञान ।
- हात्तीको विमारी र स्वास्थ्य पहिचान गरी जानकारी दिन सक्ने सम्वन्धी ज्ञान ।
- मातेको हात्तीको पहिचान, नियन्त्रणका विधि सम्वन्धी ज्ञान ।
- व्यक्तिको आहार विहार, आचरसंहिता र उत्प्रेरणा ।
- समूहमा रहदा बस्दा अप्नाउनुपर्ने अनुशासन तथा सावधानी, घुलमिल ।
- वन्यजन्तु अवलोकन गर्दा अप्नाउनुपर्ने सावधानीहरु ।

४. **द्रष्टव्य**

- **प्रयोगात्मक परीक्षा संचालन गर्न आवश्यक पर्ने सम्पूर्ण सामग्री साधन श्रोत उपलब्ध गराउने दायित्य माग गर्ने सम्वन्धित निकायमा रहनेछ ।**
- **प्रयोगात्मक परीक्षा साधन श्रोत उपलब्ध हुने तोकिएको स्थानमा मात्र हुनेछ ।**
- प्रयोगात्मक परीक्षा र अन्तर्वार्ता एकै दिन लिइनेछ । प्रयोगात्मक परीक्षा र अन्तर्वाताको प्राप्ताङ्क जोडी योग्यताक्रम अनुसार परीक्षाफल प्रकाशित गरिनेछ ।
- पाठ्यक्रम लागू मिति :- २०६८/०३/२४